# INFORMATION BOOKLET
# FOR
# PARA-LEGAL VOLUNTEERS
# OF SIKKIM

सत्यमेव जयते

# MESSAGE

This booklet is a translation of the English version for the benefit of all those at the grass-root level.

Let there be " Access to Justice for all"

Hon'ble Mr. Justice S.P. Wangdi,
Judge, High Court of Sikkim
and
Executive Chairman,
Sikkim State Legal Services Authority

# अतिरिक्त कानुनी स्वंयसेवक

## १. उद्देश्यहरू

राष्ट्रीय कानुनी सेवा प्राधिकरण द्वारा "अतिरिक्त कानुनी सेवा" विकासको निम्ति विभिन्न लक्ष्य निर्धारित समुहका स्वंयसेवकहरूमा कानुन विषयमा जागरूक्ता ल्याउन हेतु "सर्वका निम्ति न्यायको निति" उद्देश्यहरू सुत्रित गरिएको थियो जुन स्वंयसेवकहरूले परिणाम स्वरूप समाजका सबै वर्गमा जागरूक्ता फैलाउन सहयोग तुल्याउने गर्दछन्।

## १(क) नालसाको अतिरिक्त कानुनी स्वंयसेवक योजना

अतिरिक्त कानुनी स्वंयसेवकहरू "न्यायको निम्ति पर्याप्त अवसर" प्राप्त गर्न नसकिरहेका जनताहरू अनि कानुन सेवा संगठनहरू जो प्राय गाउँ तथा भौगोलिक रूपले अगम्य क्षेत्रहरूदेखि टाढ़ा शहर नगरहरूमा स्थित रहेका छन्, ती बीचको दुरत्वलाई मेटाउने कार्यका निम्ति प्रशिद्ध हुन्छन्। अतिरिक्त कानुनी स्वंयसेवकहरू भनेको ती व्यक्तिहरूको समुह हो जसले कानुन तथा कानुनी प्रक्रिया सम्बन्धी आधारभूत प्रशिक्षण प्राप्त गरेको हुन्छन् जो चीनको "खालीखुट्टे चिकित्सकहरू" झै साधारण जनताहरूलाई प्राथमिक सहायता प्रदान गर्ने कार्य गर्दछन् जसले कानुनद्वारा प्रत्याभूत अधिकारहरूसंग सम्बन्धित समस्याहरूको सामना गरीरहेका छन्।

अतिरिक्त कानुनी स्वंयसेवकहरूले गरीब औ प्रतिकुल परिस्थितिमा परेकाहरूलाई समाजका शक्तिशाली मानिसहरूको प्रभुत्वदेखि उन्मुक्त गराउनु तथा तिनीहरूको नैतिक अधिकारहरूको सुरक्षा गर्नमा सहायता गर्ने गर्दछन्।

अतिरिक्त कानुनी स्वंयसेवकहरूको मूल उद्धेश्य कानुनी सेवा प्राधिकरण ऐन, १९८७ द्वारा स्थापित गरिएका कानुनी सेवा संगठनहरूको बारेमा आफ्नो अभिव्यक्ति प्रकट गर्ने अवसर नपाएका मानिसहरूको श्वरलाई सुनवाई गराउनु तथा उनीहरूको गुनासोहरूको उचित सुनवाई गर्नु हो। यो वास्तवमा " रोकथाम गर्ने तथा योजनाबद्ध कानुनी सहायता" कार्यक्रमको एक हिस्सा हो जो उद्धेश्य कानुनी सेवा प्रधिकरण ऐन, १९८७ को धारा ७ (२) (c) अन्तर्निहित छ।

## २. अतिरिक्त कानुनी स्वंयसेवक कसलाई भनिन्छ?

अतिरिक्त कानुनी स्वंयसेवक कुनै वकील होइन। उसले न्यायलय तथा अन्य मध्यस्थ समितिमा मानिसहरूलाई सहायता गर्न सक्तैन जबसम्म उसले प्रासंगिक योग्यता प्राप्त गरेको हुँदैन।

* उ कुनै सम्प्रदायमा आधारित तथा कुनै संगठन तथा संरचनामा संग्लग्न रही कार्य गर्ने हुन सक्दछ
* उसमा कानुनको विषयमा तथा यसको कार्य प्रणालीको बारेमा आधारभुत ज्ञान हुन्छ
* उसले मुद्धा निवारण प्रणाली बारेमा आधारभुत ज्ञान प्राप्त गरेको हुन्छ
* उसमा जनसाधारणलाई तथा विभिन्न सम्प्रदायहरूलाई उनीहरूको कानुन सम्बन्धी, मानवधिकार सम्बन्धी समस्याहरूको निवारणमा सहयोग प्रदान गर्नुको निम्ति तथा उनीहरूको भविष्यमा यस्ता समस्याहरूको स्वंय निवारण गर्नसक्ने सामर्थ्य प्रदान गर्नुको निम्ति आवश्यक प्रेरणा, निष्ठा, भंगिमा तथा कौशलता हुन्छ।



## ३. प्रशिक्षित अतिरिक्त कानुनी स्वंयसेवकहरूको कर्तव्यहरू

(क) अतिरिक्त कानुनी स्वंयसेवकहरूले विशेष रूपले सामजका कमजोर वर्गका व्यक्तिहरूमा जनचेतना ल्याउनुपर्ने छ जसद्वारा उनीहरूले कानुन बमोजिम आफ्ना कर्तव्यहरूको पालन गर्दै प्रतिश्ठित जीवन यापन गर्न पाउने अधिकार समस्त संबैधानिक तथा अन्य कानुनहरूद्वारा प्रत्याभुत अधिकारहरूको उपभोग गर्न सकुन्।

(ख) अतिरिक्त कानुनी स्वंयसेवकहरूले मानिसहरूमा उनीहरू बीचका विवादहरू/ मुद्धाहरू/ समस्याहरूका स्वभावबारे उनीहरूमा जागरूकता ल्याउनुपर्ने छ कि उनीहरू TLSC/ DLSA/ HCLSC/ SLSA/ SCLSC का अघी जान सक्नेछन् तथा उनीहरू बीचका विवादहरू उपरोक्त संस्थाहरूद्वारा सुल्झाउन सक्नेछन्।

(ग) अतिरिक्त कानुनी स्वंयसेवकहरूले उनीहरूका कार्यक्षेत्रमा हुने कानुनको अतिक्रमण तथा कुनै अन्यायपूर्वक व्यवहारहरू माथि निरन्तर क्रियाहरू TLSC लाई दूरसंचार सन्देशद्वारा अथवा लिखित सम्प्रेषणद्वारा अथवा स्वंयद्वारा तत्कालै सुचित गर्नुपर्ने छ जसद्वारा समितिले प्रभावकारी उपायजनक कार्य गर्न सक्षम रहेस्।

(घ) अतिरिक्त कानुनी स्वंयसेवकहरूले उनीहरूका कार्यक्षेत्रमा DLSA/ TLSC लाई कानुन सम्बन्धी चेतनामूलक शिविरहरूको आयोजन गर्नमा सहयोग तुल्याउनुपर्ने छ।

(ङ) अतिरिक्त कानुनी स्वंयसेवकहरूले उनीहरूका कार्यक्षेत्रका स्थानीय बासिन्दाहरूलाई SLSA/ DLSA/ TLSC/ HCLSC/ SCLSC हरूका क्रियाकलापका बारेमा जानकारी दिनुपर्ने छ साथै उनीहरूप्रति उक्त संस्थाहरूका ठेगाना प्रदान गर्नुपर्ने छ जसका फलस्वरूप जनताहरूले उक्त संस्थाहरूद्वारा प्रदान गरिइने निःशुल्क सेवाको उपयोग गर्न सकून्।

(च) अतिरिक्त कानुनी स्वंयसेवकहरूले जनसाधारणमा लोक अदालतद्वारा, सम्झौता द्वारा, मध्यस्थद्वारा अथवा मेलमिलापद्वारा आपसी विवादहरूको निवारण गरेमार्फत हुने लाभहरूका बारेमा अवगत गराउनुपर्ने छ।

(छ) अतिरिक्त कानुनी स्वंयसेवकहरूले TLSC/ DLSA मा दायर गर्न सकिने मुद्धापूर्व अर्जीको सहुलियतको बारेमा प्रचार गर्नुपर्ने छ जसका परिणाम स्वरूप कम खर्चमा आपसी विवादहरूको निवारण गर्न सकिनेछ।

(ज) अतिरिक्त कानुनी स्वंयसेवकहरूले नागरिकहरू बीचका विचाराधीन मुद्धाहरू लोक अदालतद्वारा निवारण गरेका खण्डमा न्यायिक शुल्क फिर्ता गर्न सकिने बारेमा तथा पुनआवेदन गर्नु नपर्ने बारेमा अवगत गराउनुपर्ने छ।

(झ) अतिरिक्त कानुनी स्वंयसेवकहरूले जनसाधारणमा सार्वजनिक उपयोगिताका निम्ति प्रदान गरिएका सेवाहरू जस्तै P & T दुरसंचार विध्युतीय, जल आपूर्ति, बीमा तथा अस्पताल सेवाहरू सम्बन्धित मुद्धाहरूको कम खर्चमा निवारण भएमा हुने लाभहरूको बारेमा अवगत गराउननपर्ने छ।



(ञ) अतिरिक्त कानुनी स्वंयसेवकहरूले उनीहरूको कार्यको मासिक विवरण दिनुपर्ने छ।

(ट) अतिरिक्त कानुनी स्वंयसेवकहरूले ध्यान दिनुपर्ने छ कि उनीहरूका कार्यक्षेत्रका प्रमुख स्थानहरूमा कानुनी सेवाका कार्यहरूका बारेमा जनसाधारणमा जानकारी प्रदान गर्ने सुचनामूलक साधनहरूका प्रदर्शनी हुने गर्दछन्।

**४. अतिरिक्त कानुनी स्वंयसेवकहरूका अयोग्यताहरू तथा उनीहरूको निश्काषण**

कुनै पनि अतिरिक्त कानुनी स्वंयसेवका कार्यभार सम्भाल्न योग्य ठहर्ने छैन यदि उ/उसले;

(क) यस कार्यको योजना तथा क्रियान्वयणमा अभिरूची राख्न असफल हुन्छ;
(ख) उत्रृण घोषित भएमा; अथवा
(ग) कुनै अपराधिक मुद्दामा परेको तथा कुनै अपराध सम्बन्धी न्यायालयद्वारा दण्ड दिइएको भएमा; अथवा
(घ) यदि शारीरिक वा मानसिक असक्षम बनेमा अतिरिक्त कानुनी स्वंयसेवक समलक्षण हुन सक्दैन; अथवा
(ङ) आफ्नो पदको दुरूपयोग गरेमा तथा कुनै प्रकारले दुराजार गरेमा जसका कारण उसको पदमा कायम रहनु सार्वजनिक हितको निम्ति हानिकारक सिद्ध हुने सम्भावना रहन्छ; अथवा